यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ९ अंक ८० श्रेणी 'क' २०७३ पुस ५ गते मंगलबार 20 Dec. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## पोखरा रङ्गशालाको कन्तविजोग

### पानी र शौचालय नहुँदा बेइज्जत, सरोकारवाला मुकदर्शक

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

देशको दोश्रो ठूलो शहर राजधानीको प्रमुख रंगशाला पोखरा रङ्गशाला । ३ सय १५ रोपनीमा फैलिएको । रंगशालामा प्राय: जसो गतिविधि नभएको दिन नै हुँदैनन । मुख्य मैदान कहिलै खाली देखिन्न । त्यसको अलवा रंगशालाभित्र रहेका मार्सल आर्ट, व्याडमिन्टनको कर्भड हल, लनटेनिस, आर्चरीको व्यवस्थित खेल मैदान, निर्माणाधिन कर्भडहल। निर्माणाधिन ह्याण्डवल को मैदान, फुटबल र अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेल मैदान । सवै चिज छ, एउटा छैन, त्यो हो पानी र शौचालय। रङ्गशालामा खेलाडीलाई मात्र होइन आगन्तुकलाई समेत नभइन नहुने पानी नै हो । कुनैबेला पर्खाल समेत नभएर गाइ चरणकोरुपमा प्रख्यात पोखरा रंगशाला २०६१ सालमा नेपाल भूतपूर्व खेलाडी मञ्चको पहलमा पर्खाल निर्माण कार्य सम्पन्न भयो । मंचले पर्खाल निर्माणबाट जोगिएको रकमले १५ लाख खर्चेर पानीको व्यवस्था समेत गऱ्यो । तर सबै बेहाल भयो । जिल्ला खेलकुद कास्कीले लाखौं खर्चेर बनाएको पानीको व्यवस्थापनलाई संरक्षण गर्न सकेन ।

राष्ट्रिय खेलकुद परिषदले त्यही वोरिङ्गका लागि लाखौं खर्चेर १ लाख ५० हजार रुपैयाँ लिटरको ट्याकीं समेत बनायो । हस्तान्तरणको वर्ष दिन नबित्दै वोरिङ्गबाट निकालिएको पानी समेत बन्द भयो । बिजुलीको विल धेरै आउने भएपछि जिल्ला खेलकुद विकास समितिले वोरिङ्ग चलाउन छोड्यो । पानी स्वत: सुक्यो । अनि पोखरा रंगशाला काकाकुलको स्थितिमा फर्कियो । जनताबाट उठाएर बनाइएको वोरिङ्ग यति बेला मर्मतको पर्खाइमा छ ।

२०६१ सालमा पर्खाल निर्माण समितिले १५ लाख रुपैयाँ खर्चेर बनाएको वोरिङ्ग सुकेको अवस्थामा छ । 'नेपाल खानेपानी संस्थानले खेलकुदमा दिएको पानीले पुग्दैन, संरचना धेरै छन् पानी आवश्यक छ तर कहाँबाट कसरी ल्याउने ? फ्याट्ट भन्ने अवस्था नै छैन' जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय




प्रमुख प्रकाश बरालले बताए ।

पोखरामा १३ औं साग र अवको दुई वर्षपछि आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना समेत गर्न पोखराले अवसर पाउने भएको छ । तर खेलकुदको राजधानीको रुपमा रहेको रंगशालामा एक-एक थोपा पानीका लागि खेलाडी तडपिनुको विकल्प छैन । धेरै पानी आवश्यक पर्ने फुटबल मैदान, क्रिकेट मैदान, आर्चरी, लनटेनिस, व्याडमिन्टन लगायत अन्य महत्वपूर्ण संरचना बेहाल भएका छन् । लन टेनिसले मात्रै महिनामा १५ देखि २० हजारको पानी किन्छ भने फुटबल र क्रिकेटको अवस्था समेत त्यस्तै छ। सहारा क्लवले हरेक वर्ष आयोजना गर्ने आहाराराका गोल्डकपका लागि डेढ देखि २ लाख रुपैयाँको पानी किन्ने गरेको कलवका अध्यक्ष वीरभद्र थापाले बताए ।

उता एन्फाको संरक्षणमा रहेको फुटवल मैदानका लागि एन्फा कास्कीले पनि उत्तिकै रकम खर्च गर्छ । तर पानी कहाँबाट कसले र कसरी ल्याउने ? भन्ने कुरामा कसैको पनि जवाफ नै छैन । सबैको एउटै जवाफ छ-'त्यो खेलकुदले नै व्यवस्था गर्नु पर्छ ।'

यता, जिल्ला खेलकुद विकास समिति कास्की अध्यक्ष याम गुरुङ्गले पानी भन्दा पनि रंगशाला भित्रको सडक पिच गर्ने आफ्नो पहिलो प्राथमिकता रहेको बताए । 'धुलोले हैरान पारेको छ, म अब फुटबल मैदानसम्म पुग्ने सडक पिच गराउन तिर लाग्छु'-गुरुङ्गले भने । पानीको योजना आफूले दोश्रोमा राखेको उनको भनाई थियो । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले पानी पहिलो प्राथमिकता रहेको बताए ।

क्षेत्रीय खेलकुदले रंगशाला परिसरमा निर्माण सम्पन्न गर्न लागेको शौचालय पानी पर्याप्त नहुँदासम्म बन्द गरिने उनले बताए । 'हामी यस विषमा एकदमै संवेदनशिल छौं' उनले भने-'नयाँ वोरिङ्ग गर्न १८ देखि २० लाख खर्च लाग्ने रहेछ, हामीले केही रकम र बाँकी लनटेनिस, फुटबल र क्रिकेट संघसंग सहयोग माग्ने सोंच बनाएका छौं ।' वोरिङ्ग संचालनमा आएको केहि समयमानै विग्रिएपछि पानीको समस्या भएको हो ।

राष्ट्रिय खेलकुदले निर्माण सम्पन्न गर्न लागेको शौचालय अभावमा बन्द हुनु र रंगशालामा खेल हेर्ने दर्शकहरु खुल्ला शौचमा जानु भनेको पोखरा जस्तो विकसित नगरका लागि लाजमर्दो कुरा के होला ? अधिकांशको प्रश्न छ । 'कास्की खुल्ला दिशा-पिसाव मुक्त क्षेत्र हो' 'तर सुरक्षाका लागि खटिने प्रहरी र पुरुष दर्शकहरु ह्वार शौचका लागि रंगशालाको पर्खाल र सेती नदीको डिलतिर सोभिन्छन, महिलाहरुका लागि त झनै अप्ठ्यारो छ' खेल प्रेमी डिवी गुरुङ्ग भन्छन-'पानी र शौचालयको राम्रो प्रवन्ध नभएकोले महिलाहरु खेल हेर्नबाट समेत वञ्चित छन् भने महिला खेलाडीलाई समेत एकदमै समस्या छ ।' 'रंगशालाको पर्खाल तिर फर्केर पिसाव फेरेको देख्दा हामीलाई पोखरेली हुँ भन्न पनि लाज लाग्छ, ठूलो शहरका हामी मान्छे खोइ के भन्ने' फुटवल सिक्न आएका सुरज थापा भन्छन ।

पोखरा रंगशालामा पानीको उचित व्यवस्था गर्न नसक्नु दोष कस्को भन्ने बारे जवाफ कसैसंग छैन। ४ नं. प्रदेशको केन्द्र पोखराको रंगशालाको यो वेहाल हुँदा समेत स्थानीय निकाय पोखरा उप-महानगरपालिका, खुल्ला दिशा मुक्तको वोर्ड टाँस्ने जिल्ला विकास समिति कास्की, जिल्ला प्रशासन, क्षेत्रीय प्रशासन र खेलकुदको प्रमुख जिम्मेवारी निकाय क्षेत्रीय खेलकुद र जिल्ला खेलकुद सवै बेखबर छन् ।

'२० लाख रुपैयाँ नभएर रंगशालामा पानी नभएको हो त ?' त्यो पनि होइन भन्छन नेपाल बास्केटबल संघका उपाध्यक्ष जुम गुरुङ्ग। उनी भन्छन्-''पोखरेली हरुको हृदय ठूलो छ हरेका निर्माण कार्यमा पोखरेलीहरुले एक जुट भएर सहयोग गरेका छन रकम ठूलो होइन खेलकुदको नेतृत्वको इच्छाशक्तिको कुरा हो ।'

जनताकै सहयोगबाट पर्खाल निर्माण सम्पन्न भएको हो । तर जे जस्तो भए पनि यति बेला खेलाडी पानी-पानी भन्दै रंगशाला चर्हादै छन् भने जिल्ला खेलकुदले भाडामा दिएको क्यान्टिनबाट महंगो मिनरल वाटर किनेर पानी पिउन र प्रयोग गर्न बाध्य छन् ।

## महादेवको मूर्ति बनाउने अभियान राष्ट्रिय योजनामा पार्न माग

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पोखरा उपमहानगरपालिका वडा नं. २५, पुम्दीकोटमा निर्माण हुन लागेको विशाल महादेवको मूर्ति बनाउने अभियानलाई सफल पार्न उक्त योजनालाई राष्ट्रिय योजनामा पार्न स्थानीयले जोडदार माग गरेका छन्। पोखरा उप-महानगरपालीका वडा नम्बर २५ को आईतबार वडा कार्यालयमा भएको आर्थिक बर्ष २०७४/०७५ को वडा स्तरीय योजना तर्जुमा गोष्ठीमा वोल्ने स्थानीय नेता तथा जनताहरुले उक्त माग गरेका हुन । साथै उनीहरुले वडाका योजनाहरु पोखरा उप-महानगरपालिका कार्यालयको ढिलासुस्तीले गर्दा प्रभावित हुन लागेको गुनासो समेत गरेका छन । मुख्य तीन पार्टीहरुको प्रतिनिधित्य गर्दै माओबादी केन्द्र पोखरा-२५ (पुम्दी भुम्दी ) का अध्यक्ष नवराज बरालले प्राविधिक समस्या, समयमै नगरपालिकाबाट प्राविधिकहरु नआउने, समय समयमा सर्भे नगर्ने, योजनाहरु कार्यान्वयन गर्ने समयमा सम्झौता गर्न आनाकानी गर्ने, नगरपालीकाका प्रमुखलाई भेट्न महिनौं कुर्नु पर्ने लगायतका समस्याहरु भएकोले भएका योजनाहरु प्रभावकारी ढंगले हुन नसकेको उनले बताए।

पुम्दीकोटमा निर्माण हुन लागेको महादेवको विशाल मूर्ति निमार्ण गर्ने अभियानमा वडा नम्बर २५ बाट राष्ट्रिय योजनामा पार्न आफूहरुले पहल गर्ने उनले बताए । कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्ति पोखरा उपमहानगरपालिका नगर संयन्त्रका सदस्य बजीरमान श्रेष्ठले



पोखरा-२५ का राम्रो योजनाहरुलाई आफूहरुले अनुमोदन गर्ने प्रतिवद्धता जनाउदै आफ्नो क्षेत्रमा आवश्यक योजनाहरु राम्रोसंग छनौट गर्न सुझाव दिए ।

पोखरा उपमहानगरपालिका कार्यालयका बरिष्ठ ईन्जिनियर शारदामोहन काफ्ले पोखरा-२५ मा प्राविधिकहरुको समस्या भए त्यसलाई राम्रो व्यवस्था मिलाउने वचन दिए । पुम्दीकोट विशाल महादेव मूर्ति निर्माण उपभोक्ता एवं पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष चन्द्रकान्त बरालले पोखरा क्षेत्रको मात्र नभई प्रदेश नम्बर ४ र नेपालकै पर्यटनको गन्तव्य वनाउने अभियानका लागि पुम्दीकोटमा महादेवको मूर्ति वनाउने लक्ष्यसहित राष्ट्रिय योजनामा पार्नुपर्ने माग गरे। उक्त अभियान सफल पार्न यसै बर्ष महायज्ञ समेत आयोजना हुने तयारी सुरु हुन लागेको उनले बताए ।

पोखरा-२५ का वडा महिला समन्वय समितिका अध्यक्ष बुद्धिमाया गुरुङ, सक्रिय महिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष चन्द्रकला बराल लगायतले महिला तथा वालवालीकाहरुको हितमा हुने गरी केहि योजनाहरु छनौट गर्न आग्रह गरे ।

पोखरा उपमहानगरपालिका वडा नम्बर २५ का वडा सचिव रामबहादुर पौडेलले धेरै योजनाहरु आएकोले योजना छनौट गर्न केही दिन लाग्ने बताए । स्थानीय मुख्य तीन पार्टीका प्रतिनिधि, महिला समन्वय समितिका अध्यक्ष बुद्धिमाया गुरुङ र वडा नागरिक मञ्चका अध्यक्ष निर्मला गुरुङले योजना छनौट गर्ने भएको पौडेलले बताए । पोखरा-२५ मा एक बर्षमा करिब एक करोड मूल्य बराबरका योजनाहरु पर्ने गरेका छन् ।

परम्परादेखि महिलाहरुको महान पर्व हरितालिका तीज पर्व र महाशिवरात्रिको दिनमा विशेष पूजा हुने गरेको सो क्षेत्र पर्यटकीय दृष्टिले आफैमा रमणीय भएकोले गर्दा सो क्षेत्रको धार्मिक सहित पर्यटन प्रवर्द्धन गर्ने अभियान स्वरुप उक्त मूर्ति स्थापना गरीने अभियानमा आफूहरु जुटेको समितिका अध्यक्ष बरालले बताए ।

पुम्दीकोटको बृहत योजना ५ बर्षको भएको बताएका संयोजक बरालले उक्त योजना सफल पार्न करिब २१ करोड रुपैयाँ लागत लाग्ने बताए ।

## दुर्घटनामा घाइते

पोखरा ४ पुस ।

पोखरा लेकसाइडको डिहिकोपाटन चोकमा आइतबार साझ मोटरसाइकल दुर्घटना हुँदा एक युवक गम्भीर घाइते भएका छन् । पोखरा १५ नयाँ गाउँ बस्ने बर्ष १९ का नसिब गुरुङले चलाएको ग १० प ५४१४ नम्बरको भिआर मोटरसाइकल र ग ७ प ४८६३ नम्बरको स्पेल्नडर एक आपसमा जुध्दा स्प्लेनडर चालक सख्त घाइते बनेका हुन । घाइतेलाई बेहोस अवस्थामा उपचारका लागि मेट्रो सिटी हस्पिटल भर्ना गरिएको छ । घाइतेको परिचय खुलिनसकेको र भिआर चालक गुरुङलाइ नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।

**कोरियन भाषामा नयाँ भर्ना खुल्यो**

**Eps Topik-2017** का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

कक्षा: विहान ८-९ बजे, ९-१० बजे
दिनमा १-२ बजे, ४-५ बजे
साँझमा ५-६ बजे

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क

अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा-४, सिद्वार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

## संविधानले जनताको अधिकार दिदैन-बाँस्तोला

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

विप्लव नेतृत्वको नेकपा माओवादी स्थायी समिति सदस्य धर्मेन्द्र बाँस्तोलाले अहिलेको संविधानले जनताको अधिकार नदिने वताएका छन । एकाधिकार र पूँजीपतिले वनाएको संविधान भएकाले यो संविधानले जनताको हक अधिकार कुण्ठित गर्ने खालको भएको उनको भनाइ रहेको थियो ।

विप्लव नेतृत्वको नेकपा (माओवादी) कास्की सार्दीखोला गाविसको प्रथम सम्मेलन तथा जनसभालाई संबोधन गर्दै बास्तोलाले अहिलेको सविधानल नेपाली जनताको अधिकार सम्पन संविधान नरहेको बताए। यो एकाधिकार दलाल पुँजीपतिले बनाएको संविधान भएकोले यो जनताको संविधान नरहेको बताए ।

शिक्षा, स्वास्थ लगायतमा नेपाली जनताले नि:शुल्क पाउनु पर्ने हो तर एकाधिकार दलाल पुँजीपति वर्गले बनाएको यो संविधान जनताको संविधान हुन सक्दैन,यो संविधान विदेशी विस्तारवादी र सामाज्यवादीहरुको दवावमा नेपालमा रहेका एकाधिकार दलाल




पुँजीपति वर्गले बनाएको उनको भनाइ रहेको थियो ।

यसैको उदाहरण नेपाल सरकारले रातको १२ बजे पेट्रोलियम पद्धार्थ एक्कासीप्रति लिटर ४ रुपैयाँ बढाएको छ । यदी यो संविधान नेपाली जनताले बनाएको हो भने जनताको हित र अधिकारमा आधारित काम किन गर्दैन? जनताको खाद्य सम्प्रभुताको अधिकार, नि:शुल्क शिक्षा अनि नि:शुल्क स्वास्थ्यको अधिकार किन कार्यान्वयन हुदैन? उनको प्रश्न थियो ।

उनले एकाधिकार दलाल पुँजीपति वर्गले बनाएको सविधानले नेपाली जनताको अधिकारको गारेन्टी नहुने भएकाले आफ्नो पार्टीले एकीकृत जनक्रान्तिमार्फत जनताको अधिकार सम्पन्न मुलुक बनाउनको निम्ति पार्टी लागि परेको बताए ।

सार्दीखोला गाविसका अग्रज कम्युनिष्ट नेता युवराज बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा गण्डक व्युरो प्रमुख सावित्रा दुरा (आस्था) पश्चिम कमाण्ड प्रमुख सुजन बिक लगायतले कार्यक्रमलाई संवोधन गरेका थिए । कार्यक्रममा चुनु शिल्पा जन सांस्कृतिक परिवार गण्डकका कलाकारहरुले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

## सहारामा साइँला

यूके ४ पुस ।(गोल्डेन)

सहारा युकेको अध्यक्षमा मिन वहादुर गुरुङ्ग (साइला) चयन भएका छन । सहारा क्लव युकेको हालै सम्पन्न भेलाले मिन बहादुर सहित १८ सदस्यीय कार्य समिति चयन गरेको हो। सहारा क्लवका सल्लाहकार रहेका महेश गुरुङ्गको संयोजकत्वमा गठित निर्वाचन समितिले नयाँ कार्यसमिति चयन गरेको हो । युकेमा बसेर कर्म थलो बनाउँदै आएका नेपालीहरुले सहारा युके गठन गरि पोखराको सहारा क्लवलाई सहयोग पुऱ्याउँदै आएका छन्। नव निर्वाचित कार्य समितीलाई जेष्ठ सम्मानित नागरिक ले. जसबहादुर गुरुङ्गले खादा लगाएर सम्मान गरेका थिए । कार्यसमितीको उपाध्यक्षमा कुमार गुरूङ र सहारा एफसिका अध्यक्ष ले. कुसाङ गुरूङ्ग रहेका छन् भने महासचिबमा कृष्ण गुरूङ र सचिवमा ओम गुरूङ, कोषाध्यक्षमा नारायण गुरूङ, सह-कोषाध्यक्षमा सरद गुरूङ र सदस्यमा धनु थकालि, मनोज गुरूङ किशोर गुरूङ, नवल गुरूङ, सजिंब गुरूङ, योगेश गुरूङ, प्रकाश गुरूङ, मिलन गुरूङ, बाचस्पति रेग्मी, दिपक गुरूङ र टीका गुरूङ रहेका छन् ।



■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- लर्ड नेपियर

## सम्पादकीय ...

# चुनाव नयाँ संरचनामा गरौं

प्रमुख राजनीतिक दलहरु पुरानै संरचनामा स्थानीय निकायको निर्वाचन गर्ने सहमतिनजिक पुगेका छन्। उनीहले आगामी बैशाखमा स्थानीय निकायको पुरानै संरचनामा चुनाव गर्न सजिलो हुने तर्क अघि सारेका छन दलहरु यस्तो सहमतिनजिक पुगेपछि जनस्तरबाट नयाँ संचनामा चुनाव गर्नु उपयुक्त हुने सुझाव आउन थालेका छन्। अहिले स्थानीय तह पुनर्संरचना आयोगले पुनर्संरचनाको काम अन्तिम चरणमा पुर्‍याएको जनाएको छ। यति नै बेला दलहरु पुरानै संरचनामा चुनाव गर्ने मनस्थितिमा देखिएका छन्। यसका केही सबल र दुर्बल पक्ष अवश्य छन्, दुबै कोणबाट हेर्दा अहिले पुरानै संरचनाको चुनाव फजुल खर्च मात्र हुने खतरा छ। त्यसैले स्थानीय तहको पुनर्संरचना चाँडो सिध्याएर नयाँ संरचनामै चुनाव गर्नु उपयुक्त देखिन्छ। नेपालमा स्थानीय चुनाव नभएको १९ वर्ष भयो। २०५४ सालमा निर्वाचित स्थानीय निकायका पदाधिकारीको कार्यकाल २०५९ सालमा सकियो। यसरी हेर्दा पनि १४ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन अवस्थामा छन्। यसले देश विकासमा ठूलो असर पुर्‍याइरहेको छ। स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा एकातिर कर्मचारीमाथि बोझ थपिएको छ भने अर्कोतिर ठूलो संख्यामा भ्रष्टाचारजन्य क्रियाकलाप भइरहेका छन जनप्रतिनिधिले गर्ने काम कुनै पनि हालतमा कर्मचारीबाट हुनसक्दैन। यो क्षतिलाई कम गर्न जतिसक्दो चाँडो स्थानीय निकायको निर्वाचन गर्नुपर्छ। यो हिसाबले हेर्दा नयाँ वा पुरानो जुनसुकै संरचनामा पनि चुनाव गर्नु आवश्यक भइसकेको छ। यो विकल्पलाई प्रयोग गर्दै दलह पुरानै संरचनामा भए पनि चुनाव गर्न प्रतिबद्ध देखिएका छन्, यसलाई सकारात्मक नै मान्नुपर्छ। स्थानीय चुनाव चाँडो हुनुपर्छ यसमा दुईमत छैन, जहाँसम्म नयाँ कि पुरानो संरचनाको चुनाव गर्ने भन्ने छ, यसमा नयाँ संरचनाको चुनाव गर्दा नै देशलाई फाइदा हुनेछ। पहिलो कुरा अहिले नै स्थानीय तह (नयाँ संरचना) को चुनाव गर्दा दोहोरो चुनावको खर्चबाट देशलाई बचाउन सकिने छ। अहिले स्थानीय निकाय (पुरानो संरचना) को चुनाव भयो भने त्यो संक्रमणकालीन र अस्थायी हुनेछ। अब हुने स्थानीय निकायको चुनावबाट आउने पदाधिकारीको अवधि बढीमा दुई वर्ष हुनसक्छ। दुई वर्षपछि फेरि स्थानीय चुनाव गर्नुपर्छ भने अहिले किन पुरानै संरचनाको चुनाव गर्ने ? अहिले स्थानीय तह पुनर्संरचना आयोगले पुनर्संरचनाको काम गरिरहेको छ। आयोगले प्रतिवेदन बुझाउने बित्तिकै पुराना संरचनाहरु स्वत: स्थानीय तहमा बदलिने छन्। हुन त संविधानमा स्थानीय तहको चुनाव नहुँदासम्म स्थानीय निकायकै पदाधिकारीहरु बहाल रहने भनिएको छ। तर एउटा संरचनाका लागि चुनाव जितेर आएका पदाधिकारीले अर्को संरचना चलाउन सम्भव हुँदैन। जस्तै अहिले कास्कीको पोखरा महानगरपालिकामा जाँदैछ। अब पुरानै संरचनामा चुनाव गर्दा महानगरपालिकामा जोडिने भनिएका आसपासका गाविस र नगरपालिकामा पदाधिकारी चुनिनेछन्। भोलि आयोगले प्रतिवेदन बुझाएपछि कास्कीको लेखनाथ नगरपालिका र आसपासका गाविस पोखरा महानरपालिकामा जोडिनेछन्। संरचना नयाँ बनिसक्ने तर पदाधिकारी पुरानै रहँदा उनीहले कहाँ बसेर के काम गर्ने भन्ने ठूलो अन्योल सिर्जना हुनेछ। अर्को मनोविज्ञानका हिसाबले पनि पुरानो संरचनामा चुनाव गर्नु सही हुँदैन। पुरानै संरचनामा चुनाव गराउँदा कानुनीरुपमा समस्या नभए पनि मनोवैज्ञानिकपमा पछाडि फर्केको महसुस धेरैले गर्नेछन भोलि कतै संघीयतालगायतका अन्य मुद्दामा पनि यसले असर त गर्ने होइन भन्ने आशंका चिर्नु पनि ठूलो समस्याकै विषय हुनेछ। त्यसैले नयाँ संरचनामै चुनाव गर्न अत्यधिक प्रयत्न गर्नु जरी छ। हुँदै भएन भने ठूलो क्षति हुन नदिन कम क्षतिको विकल्प अपनाउने पाटो त छँदैछ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष ५ गते मंगलबार, तदनुसार दिसेम्वर २० सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको पूर्णिमा षष्ठी अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा तुरुदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

**वृष** : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

**मिथुन** : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

**कर्कट** : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ।

**सिंह** : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने।

**कन्या** : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर रहने, यात्रा फलदायी हुनेछ।

**तुला** : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ।

**वृश्चिक** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

**धनु** : राजनैतिक दु:ख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला।

**मकर** : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

**कुम्भ** : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने।

**मीन** : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# संशोधन प्रस्ताव र द्विविधामा रहेको मधेश



✍ उपेन्द्र झा

अपरिवर्तनीय संविधानलाई संशोधन गर्न लागेको भनिएको प्रचण्ड सरकारको राष्ट्रघाती कदम विरूद्ध ५ नं. प्रदेशबाट आन्दोलन थालेको एमालेले देशभरि आन्दोलन गर्ने निर्णय गरेको छ। भारतको ईशारामा ल्याईएको संशोधन प्रस्तावलाई फिर्ता गराउने एमालेले शुरू गरेको आन्दोलनसंगै भारतलाई पनि नेपालको राजनीतिमा दखल नदिन चेतावनी दिएको छ। एमालेको नाटकीय आन्दोलनको विरूद्ध जिल्ला जिल्लामा नेपाली काँग्रेस, माओवादी केन्द्रका कार्यकर्ताहरू प्रतिकारमा उत्रिन थालेका छन्। देशभरि आन्दोलन गर्ने निर्णय गरेपनि आन्दोलन अहिले ५ नं. प्रदेशमा सिमित रहेको देखिन्छ। रूपन्देही, नवलपरासी र कपिलवस्तुमा एमाले आन्दोलनको प्रतिकार गर्न विगतमा रहेका एमाले सरकारका सहयात्री पार्टीहरू उत्रेको देख्दा यसपालीको आन्दोलन भने पूर्ण नाटकीय ढंगबाट खेलिने सम्भावना बढेको छ। आन्दोलनकारी र प्रतिकार समूहको प्रदर्शनमा भिडन्त हुन सक्ने स्थितिको आकलन गरि स्थानिय प्रशासनले तौलिहवालाई निषेधित क्षेत्र घोषणा गरेको छ।

तीन शीर्ष दलहरूको वरिपरि घुमि रहेको राजनीति सडक र सदनमा उनीहरूकै प्रदर्शनले माहौल तताएको छ। पक्ष विपक्षको सक्रिय भूमिकामा राजनीतिलाई आफूतिर केन्द्रीत गरेकाले अधिकार माग्ने दलहरू ट्वाल परि हेरि बसेका छन्। गर्न पनि खोजिएको त्यही हो। संशोधन प्रस्तावलाई ओझेलमा पार्न ल्याईएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त लोकमानसिंह कार्कीको अप्रासाँगिक महाभियोग प्रस्ताव मधेशका लागि भनिएको संशोधन प्रस्ताव संसदमा दर्तासंगै ओझेलमा परेको छ। झण्डै एक दशक लगाएर मधेशलाई सीमारेखाभन्दा पर धकेल्न सफल भएकाहरूमाझ प्रचण्डको धृष्टताका कारण संशोधन प्रस्तावलाई फिर्ता लैजान एमालेले आफनो सम्पूर्ण बल लगाएर आन्दोलन चलाएको छ। मधेशलाई किञ्चित पनि फायदा दिन नसक्ने यो संशोधन प्रस्ताव कसको लागि ल्याईएको हो र किन ल्याईएको हो, ल्याउनेलाई थाहा होला। मधेशले संशोधन प्रस्ताव सम्बन्धमा आफ्नो असहमति प्रकट गरि सकेको छ।

लोकमानसिंह कार्कीको भ्रष्टाचार सम्बन्धी सामान्य अपरेशनले जति पीडा दिएको थिएन, मधेशको लागि भनिएको संशोधन प्रस्तावले अत्यधिक पीडा दिएर आन्दोलनमा उतारि दिएको छ। भारतले संशोधन प्रस्तावको समर्थन गरेर एमालेलाई अझ आक्रोशित बनाई दिएको छ। मधेशलाई सिमारेखाभन्दा अगाडि बढ्न नदिने, भारतको प्रभावलाई नेपालबाट समाप्त पारि दिने ध्येयका साथ शुरू गरिएको एमालेको आन्दोलनले राजनीति क्षेत्रमा फेरि नयाँ कुरा देखिने सम्भावना बढेको छ। मधेशको विरोधी शक्तिको रूपमा परिचित एमालेले संघीय संरचनाको संविधान (मधेशको असहमती रहेको) ल्याएर यश कमाउने र पुनश्च निहुँ झिकी यसलाई तुहाउने खेलमा आफै सक्रिय रहेको सहजै अनुमान गर्न सकिन्छ। मधेशलाई किञ्चित पनि सह्न नसक्ने एमालेले उठाएको आन्दोलनबाट मधेशको भूमिकालाई गौण गर्न खोजेको छ। एक तीरबाट दुई शिकार गर्ने उद्देश्यले (एमाले मधेशलाई निष्क्रिय बनाउने र प्रचण्डलाई सबक पनि सिकाउने) यो आन्दोलन गरिएको छ।

मधेशलाई सम्बोधन गर्न नसक्ने संशोधनको प्रस्तावले मधेश आन्दोलनलाई दुविधामा पारेको छ। मधेश नै राजनीतिको केन्द्रविन्दुमा रहेकोले यसकै विरूद्ध नाटकीय ढंगको साजिशपूर्ण राजनीतिक खेल खेलिंदै आएकोले यसको पटाक्षेप भएको छैन। उटपटाँग राजनीति खेल खेलाएर प्रमुख विषयलाई गौण पारि गरिंदै आएको राजनीतिक षडयन्त्रको मूँहतोड जवाफ दिन मधेशलाई तयार हुनै पर्छ। मधेशले ल्याएको संविधान सभा, उसले खोजेको अधिकार सबैलाई समाप्त गरि मधेशलाई यथास्थान बसाउन खोज्ने शक्तिहरूको विरूद्ध मधेशले शक्ति संचय गर्न जरूरी छ।

संशोधन प्रस्ताव ल्याएदेखि मधेश दुविधामा फँसेको छ। मधेशलाई किञ्चित लाभ नहुने संशोधन प्रस्तावलाई भारतले समर्थन गरेर मधेशलाई अझ दुविधामा पारि दिएको छ। ची ची पा पा दिएर मधेशलाई अल्झाउन खोज्ने यी दलहरूको पुरानै बानी हो। मधेश यसमा अल्झिनु हुँदैन। एक दशकको लामो अभ्यासमा मधेशले गुमाएका अवसरहरूबाट नैराश्यताको वातावरण छाएको त छ तर यसलाई चिर्दै अधिकारको आन्दोलनलाई नवीन दिशा दिन पनि आवश्यक छ।

असफलताले नैराश्यता जन्माउँछ। नैराश्यताले शिथिलता र यथास्थितितिर धकेल्छ। मधेशको राजनीतिक दलहरूले एक दशकदेखि गर्दै आएको अभ्यासमा असफलता पाएपनि अनुभव भने बढाएको छ। शासकीय मनोवृति कति सशक्त छ भन्ने कुरा प्रष्ट भएको छ। वर्गीय राज्यसत्ताको ताकत, वर्गको पहिचान, आफनो क्षमता आदि सबैकुरा प्रष्ट भएकोले यो मधेशको लागि ठूलो उपलब्धि हो। यही अनुभवले मधेशको आन्दोलनको ठोस निर्णय गर्ने क्षमता प्रदान गर्दछ।

मधेशमा वैचारिक अडान र सोही बमोजिमको राजनीतिक नेतृत्व गर्ने पात्रहरूको अपेक्षित विकास हुन सकेन। राजनीतिबाट व्यक्तिगत फायदा लिनेहरू निके जन्मे। पार्टी खोले। नपाएर विलाए। थ्रेसहोल्ड पछि सबै विलाउँछ। अधिकार आन्दोलन यही दोधारे नेतृत्वको कब्जामा रहेको छ। मधेशका कतिपय नाम चलेका दलहरू अहिले थकाई मार्न ठूलो छहारीमा बस्न खोजि रहेको छ। आफनो अस्तित्व समाप्त भएपनि शरणागत हुन खोजि रहेका छन्। दोधारे विचारको यही परिणाम हुन्छ। गैर मधेशी पार्टीमा विलीन हुन जाने कतिपय मधेशका दलहरूले ठाउँ छोडे मधेशलाई कल्याण नै हुने कुरा हो। यस्तो पातकी राजनीतिको अन्त हुनै पर्दछ। मधेश आन्दोलनलाई पनि आफनो स्वार्थमा प्रयोग गरि लाभ लिने दुराचारीहरूको अन्तबाट मधेशले नवीन उर्जा पाउनेछ। गलत नेतृत्वमा ज्यान गुमाउनुभन्दा अधिकार आन्दोलनलाई उर्जा दिनु बेस हो। विचार आन्दोलनभन्दा पार्टी आन्दोलनले मधेशमा निकै ठाउँ ओगटेको छ। पार्टी आन्दोलनले पार्टीलाई मात्र लाभ हुने भएकोले यसको कुनै अर्थ छैन। विचार आन्दोलनलाई नेतृत्व गर्ने पार्टीको विकास हुन सकेन। जातिगत पार्टीले मधेशलाई साँगठनिक रूपमा मात्र होईन, भावनात्मक रूपमा विभाजन गरि दिएको छ। जातजातीमा विभाजित गर्ने नेतृत्वको मनसायबारे बुझ्न पनि गाह्रै छ। यस्तो विभाजनबाट राज्यलाई फायदा पुगि रहेको यस्तो सामान्य ज्ञान पनि नराख्ने मधेशी दलहरूको वैचारिक अवस्था यति संकीर्ण छ कि पार्टी एकीकरणको त के कुरा मोर्चा बनाउन पनि तयार छैन। मधेशको यही कमजोरीमाथि राज्यले प्रहार केन्द्रीत गरेको छ।

मधेशलाई आत्म समर्पण गराउने अन्धराष्ट्रवादीहरूको रणनीति विरूद्ध मधेशले आनदोलनको तयारी गर्नु पर्ने अवस्थामा दुविधामा परेको छ। संशोधन प्रस्तावको पक्षमा वा विपक्षमा केमा लाग्ने भन्ने अन्योलको वातावरणमा मधेशका दलहरू कुनै रणनीतिक निर्णय गर्न सकि रहेको छैन। एक्लै एक्लै विज्ञप्ति सार्वजनिक गरेपनि दलहरूबीचको रणनीतिक छलफल भने हुन सकि रहेको छैन। मधेश आन्दोलनको औचित्य नै समाप्त पार्ने उद्देश्यले अन्धराष्ट्रवादीहरूले आन्दोलन चलाउन खोजेको जस्तो लाग्छ। मधेशको अधिकारको के कुरा मधेशलाई नै स्वीकार गर्न नसक्ने शक्तिहरू अहिले रणनीतिक रूपमा आन्दोलन चलाएका छन्। नेपाललाई द्वन्द्वमुक्त राख्ने अभियान बोक्ने एमाले अहिले आफै द्वन्द्व भडकाउन सडकमा आएका छन्। काँग्रेसले जसरी पनि संशोधन प्रस्ताव पास गराउने चुनौती दिई रहँदा एमाले मरणासन्न ताकत लगाउने पक्का छ। पास भए नभए यो संशोधन प्रस्तावको औचित्य नरहेको मधेशको लागि न हर्ष न विस्मयको अवस्था छ। शीर्ष तीन दलको तिलस्मी नाटक कोही मधेशको विरोधमा कोही मधेशको पक्षमा खेली रहेका छन्। मधेशले माँगेको अधिकार भने कोही दिन चाही रहेको छैन। राज्यले देखाएका रंगविरंगी नाटक पनि मधेशले आफनो अधिकार मागेको कुराबाट नै शुरू भएको हो। उसले राज्यलाई यथावत् राख्न जसरी उठेका अधिकारवादी आन्दोलनहरूलाई निस्तेज गर्न लागि नै रह्यो त्यसरी नै मधेशले पनि अधिकारको संघर्षबारे चिन्तन जारी राख्नु पर्दछ। एक प्रदेशबाट झरेर दुई प्रदेशमा सहमत भएको मधेशलाई त्यसबाट पनि तल झार्दै अस्तित्व नै समाप्त पारि दिने मनसाय बोकेका दलहरू फरक देखिए पनि विचार भने एउटै रहेको कुरामा अब कुनै शंका छैन। मधेशी दलहरूको वैचारिक धरातल कमजोर भई रहेको अवस्थामा वैचारिक बहसको आवश्यकता टडकारो रूपमा आएको छ। नयाँ शक्तिले पनि मधेशका दलहरूलाई उदरस्थ गर्न दूई प्रदेशको कुरा गरि रहेको छ। मधेशलाई नयाँ शक्ति त चाहिएकै हो तर कुन प्रकारको ? त्यो भने बहसबाट निस्किने छ।

राज्यशक्तिले लिई रहेको परिवर्तित रणनीति बमोजिम मधेशका दलहरू पनि रूपान्तरित हुन सकेन भने मधेशको अधिकार आन्दोलन यथास्थितिमा पुग्ने निश्चित छ। मधेशलाई फँसाउने उद्देश्यका लागि ल्याउने संशोधन प्रस्तावलाई भारतले पनि समर्थन गरि सकेपछि यसको खुलेर विरोध गर्न अपठ्यारो महसूस गर्ने मधेशका दलहरूले यो संशोधन प्रस्तावले मधेशलाई सम्बोधन गर्न सकेन भनेर असन्तुष्टता जाहेर गरे पनि प्रष्ट हुन सकि रहेको छैन। वैचारिक प्रष्टता बिना आन्दोलनको दिशा निर्धारण नहुने प्रष्ट रहेकोले यस्तो अन्योलग्रस्त अवस्थाबाट निस्कन पनि वैचारिक बहस आवश्यक रहेको देखिन्छ। (मधेश दर्पण फिचर सेवा)

# अब एनआरएनले बालबालिकाका लागि पनि सोच्ने कि ?



✍ वसन्त रानाभाट

विदेशमा नै जन्मेर यतै हुर्केका नेपाली बालबालिकाहरुले नेपाली भाषा बोल्न नै नसक्ने हुन् कि भन्ने डर बढ्दै गएको छ। बालबालिकाहरु स्कुल जाँदाआफै बसेको मुलुकको भाषा बोल्ने, पढ्ने र सिक्ने हुँदा नेपाली भाषा राम्रोसँग बोल्न कठिन बनेको छ। आफ्ना बालबालिकाहरुले विदेशमा नै बसेरकसरी नेपाली भाषा राम्रोसँग सिक्न सक्लान् यसबारे अभिभावकहरु गम्भीर हुन थालेका छन्। यूरोपका कुन-कुन देशमा कसरी नेपाली भाषा सिकाइने रहेछ ? यसबारे बुझ्नका लागि यो पङ्तिकारले करिव दुई साता लगाएर एउटा सागाग्री तयारपारेको थियो। यसअघि 'यूरोपमा नेपाली बालबालिकाहरुले यसरी सिक्छन् 'कखरा'; शीर्षकमा यसअघि प्रकाशित भइसकेको छ।

पाठशालाको सुरुवात कसरी भएका रहेछन् त ? जानकारी लिने क्रममा डेनमार्क निवासी दीपककुमार तिवारीसँगको बार्तालापले साह्रै मन छोयो। केहीबर्ष अगाडि तिवारीले आफ्नी आमालाई घुमाउनका लागि डेनमार्कमा बोलाएका रहेका छन्। डेनमार्कमा नै हुर्कंदै गरेको आफ्नो छोरा र हजुरआमा बीचमज्जाले बार्तालाप हुन सकेन छ। हजुरआमालाई ढोग्नुपर्छ भनेर सिकाउँदा होस् वा आमाले आशिर्बाद दिँदा होस्, के भनेको भन्दै उल्टै छोराले डेनिसभाषामा आँफूलाई प्रश्न गरेको स्मरण गर्छन्। त्यही बेला देखि नै तिबारीलाई यस्तो लाग्यो कि, 'बरु अभिभावकले जतिसुकै मेहनत गर्न किन नपरोस्, कम्तिमा आफ्ना छोराछोरीलाई नेपाली प्रष्ट बोल्ने र बुझ्न सक्ने बनाउन सक्नु पर्दछ।' भाषाकै कारण हजुरआमा र नातिको माया र ममता खोसिएको महसूस गर्दै तिवारीले डेनमार्कको कोपेनहेगनमा नेपाली पाठशाला खोल्ने चासो देखाए। हाल नेपाली पाठशाला कोपेनहेगनमा बालबालिकाहरुलाई नेपाली भाषा सिकाउँदै समेत आएका छन्।

एनआरएनए बेल्जियमका संस्थापक अध्यक्ष रबिन्द्रमान श्रेष्ठसँग पनि बिदेशमा बालबालिकाहरुलाई नेपाली भाषा कसरी सिकाउन सकिन्छ भन्ने बारे लामै बार्तालाप गर्ने मौका मिल्यो। श्रेष्ठले भन्छन्' मेरो बच्चा फ्रेन्च, अंग्रेजी, स्पेनिस वा डच बोल्छ भनेर गर्व गर्ने होईन की, मेरो बच्चा फरररर नेपाली बोल्छ र लेख्न पनि सक्छ भनेर अभिभावकले गर्व गर्न सक्ने अवस्था हुनुपर्छ।' यसका लागि घरमा पनि आफ्ना बालबालिकाहरु सँग नेपालीमा नै कुराकानी गर्ने बानि बसाल्नु पर्दछ। तर, कतिपय अभिभावकले आफ्ना बालबालिका सँग विदेशी भाषामा नै बार्तालाप गरिदिँदा नेपाली भाषा बोल्नु पर्छभन्ने प्रेरणा नमिलेको उनको ठहर छ।

गैरआबासीय नेपाली संघ (एनआरएनए) ले यूरोप क्षेत्रमा मात्रै २७ वटा राष्ट्रिय सम्बन्वय परिषद गठन गरिसकेको छ। एउटै देशका पनि विभिन्नशहरहरुमा बाक्लो नेपाली समुदाय भेटिन्छ। तर, दुर्भाग्य नै भन्नुपर्छ, नेपाली बालबालिकाहरुलाई भाषा सिकाउनका लागि हाल सम्म यूरोपमा बेलायत, डेनमार्क, स्पेन, जर्मनी, बेल्जियम र नेदरल्यान्डका केहि शहरहरुमा मात्र प्रयास भएको पाइन्छ। त्यसमा पनि गैरआवासीय नेपाली संघ (एनआरएन) कै पहल र कार्ययोजना अनुरूप नै भाषा कक्षा सञ्चालन भएको निकै कम भेटिएको छ। प्राय: सञ्चालन भएका पाठशालाहरु अभिभावकहरुको आफ्नै चासो र सक्रियतामा सुरु भएका छन्।

यति ठूलो सञ्जाल रहेको एनआरएनले बिदेशमा नै जन्मेर यतै हुर्केका बालबालिकाहरुलाई नेपाली भाषा सिकाउनका लागि केन्द्रबाट नै हरेक राष्ट्रिय समन्वय परिषदमा लागू हुने गरि कार्ययोजना ल्याउन सक्छ कि सक्दैन ? नेपाली समुदाय रहेको क्षेत्रमा भाषा कक्षा संचालन गर्न सक्छ कि सक्दैन ? विभिन्न देशमा सञ्चालन भएका पाठशाला बारे जानकारी लिएपछि यो पङ्तिकारलाई सुझावसहित आफ्ना धारणा प्रस्तुत गर्न मन लागेको हो।

**कम्तिमा एक एनसीसी,एक पाठशाला**

गैर आवासीय नेपाली संघ (एनआरएनए) ले विभिन्न सामाजिक तथा परोपकारी काम गर्दै आइरहेको छ। ७४ वटा राष्ट्रिय समन्वय परिषदहरु गठन गरिसकेको गैर आबासीय नेपाली संघले अब बिदेशमा नै हुर्केका नेपाली बालबालिकाहरुलाई नेपाली भाषा सिकाउँन योजना अनुरूप नै अगाडि बढ्नजरूरी देखिन्छ। गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले नै कम्तिमा 'एक एनसीसी, एक पाठशाला' को कार्यक्रम लागु गर्न सकेमा बिदेशमा नैजन्मेका बालबालिकाहरुलाई नेपाली भाषा सिक्न ठूलो हौसला प्रदान हुनेमा दुई मत नै छैन। अर्कोतर्फ मातृभूमि प्रति लगाव बढ्दै गएमा यिनै बालबालिकाहरुले भोलि एनआरएनको नेतृत्व सम्हाल्न अग्रसर रहने छन्। गैरआवासीय नेपालीसंघका विभिन्न कार्यदलहरु मध्ये नेपाली भाषा र सँस्कृतिसँग सम्बन्धित कार्यदलले चासो राखेर यो अभियानलाई प्रभावकारी बनाउन जरूरी छ।

**बालबालिकालाई के सिकाउने ? पाठ्यक्रम आवाश्यक पर्दैन ?**

विभिन्न देशमा सञ्चालन भएका नेपाली पाठशाला बारे जानकारी लिँदा सबै भन्दा ठूलो चुनौति बच्चाहरुलाई के पढाउने र कसरी भाषा सिकाउने भन्नेपाइएको छ। बालबालिकाहरुको उमेर र स्तर एउटै हुँदैन,एउटा बच्चा ५ बर्षको र अर्को १४ बर्षको हुन सक्छ। यी दुवैलाई कसरी भाषा सिकाउने त योआफैमा चुनौतिपूर्ण रहेको छ। तर, प्राय: पाठशालाहरुमा उमेर र स्तर अनुसार कक्षा छुट्टाएर भाषा सिकाएको पाइन्छ। तर सबै ठाउँहरुमा फरक-फरककक्षा राखेर पढाउँन सम्भव होला त ?

केही अभिभावकहरुले नेपाली भाषाका लागि पाठ्यक्रम नै बनाएर सञ्चालन गर्न निकै ग्राहो हुने धारणा राखेका छन्। एक त स्कुलमा बच्चाहरु केन्द्रित हुनुपर्ने त्यस माथि पुन: नेपाली भाषा कक्षामा पाठ्यक्रम अनुसार नै पढाई हुँदा थप बच्चाहरुलाई बोझ हुने त होइन कतिपय अभिभावकको प्रश्न रहेकोछ। तर, कतिपयले भने नेपाली भाषा राम्रोसँग लेख्न र पढ्न सिकाउने नै हो भने पाठ्यक्रम तयार गर्नु पर्ने विचार राखेका छन्। नेपालमा नै पढाइने पाठ्यक्रम ल्याएर त यहाँका बच्चाहरुलाई प्रभावकारी नहोला। तर, निकै सरल ढंगको पाठ्यक्रम तयार गर्नुपर्ने अभिभावकहरु धारणा रहेको छ। डेनिस टु नेपाली, अंग्रेजी टु नेपाली, स्पेनीस टु नेपाली, डच टु नेपाली यसरी पाठ्यक्रम तयार गर्न सके बच्चाहरुलाई सिकाउन सजिलो हुन्थ्यो कि भन्ने बिचार समेत भेटियो। यसका लागि पनि गैरआवासीय नेपाली संघले तत्काल चासो दिन जरूरी छ। नेपाली भाषा लेख्न र पढ्न चाहने बालबालिकाहरुका लागि उनिहरुको स्तरलाई हेरेर पाठ्यक्रम तयार गरी सञ्चालन भइरहेका पाठशालामा पुर्याइदिन सके पनि अभिभावकहरु लाई ठूलो हौसला मिल्ने थियो।

**पाठशाला सुरु हुने जस्तै बन्द हुने क्रम पनि बढ्दो** : बालबालिकाहरूलाई नेपाली भाषा सिकाउन अभिभावकले समेत समय निकाल्नुपर्ने हुँदा थप चुनौतीपूर्ण भने रहेको छ। एक त आफ्नै काम, अर्कोतर्फ बालबालिका लाई नियमित स्कुल पुर्याउनुपर्ने र हप्ताको अन्त्यतिर बचेको केही समयमा पनि नेपाली भाषाका लागि बालबालिकालाई ल्याउन, लैजानुपर्दा निकै कठिन हुने गरेको छ। एउटै अभिभावकका दुई वा सो भन्दा बढी फरक उमेर समूहका बालबालिकाहरु भएमा, आफू रहेको स्थानबाट पाठशाला निकै टाढा रहेको खण्डमा पनि अभिभावकलाई धेरै नै समस्या हुने गरेको छ। यिनै कारणले कतिपय ठाउँहरुमा पाठशाला सुरु भएर पनि बन्द भएका भेटिए। नेपाली भाषा कक्षामा बालबालिकाहरु नियमित रुपमा उपस्थिति गराउन नसक्नु यसको प्रमुख कारण मानिएको छ। यो अलवा भाषा सिकाउने कक्षा कोठाको अभाव, उपयुक्त सेलेबस प्राप्त नहुनु र अर्को आर्थिक पक्ष पनिरहेको छ।

**कसरी बनाउन सकिन्छ, दिगो र व्यवस्थित पाठशाला ?**

अभिभावकहरुको आफ्नै सक्रियता र चासोले सुरु भएका विभिन्न पाठशालाहरुलाई अझ ब्यवस्थित र दिगो बनाउने जिम्मेवारी एनआरएन, लगायत विभिन्न संघ-संस्था तथा नेपाली समुदायले लिन सक्नुपर्छ। आफ्ना बालबालिकाहरुलाई जस्तोसुकै कठिन परिस्थितिमा पनि नेपाली भाषा लेख्न र पढ्न सिकाउन अभिभावकहरु उत्साहित भएको पाइन्छ। यसलाई दिगो र ब्यवस्थित बनाउने जिम्मेवारीको नेतृत्व गैरआवासीय नेपाली संघले लिन सक्नुपर्छ। एनआरएन केन्द्रबाट नै एउटा नीति र योजना बनाएर हरेक मुलुकहरुमा बालबालिकाहरुलाई कुनै न कुनै रुपमा नेपाली भाषा सिक्ने वातावरण तय गर्नसक्नुपर्छ। दोस्रो पुस्ताका एनआरएन बालबालिकाहरु लाई मातृभूमि प्रतिको प्रेम तथा नेपाली भाषा र संस्कृतिको जगेर्नाका लागि संघले बृहतयोजनासहित पहलकदमी चाल्न जरूरी छ।

**ठूलै परिवर्तन आएको छ, त्यसैले ढीला नगरौं** : नेपाली पाठशालामा पुगेपछि एनआरएन बालबालिका हरुले कखरा मात्र सिकेका छैनन्, उनीहरुमा ठूलै परिवर्तन आएको छ। राष्ट्रिय गान कण्ठस्त सुनाउने मात्र हैन, नेपाली गीतहरुमा मनै प्रफुल्ल गर्ने गरी नाच्न सुरु गरेका छन्। कतिपय पाठशालाहरुमा बालबालिकाहरु बीच विभिन्न प्रतिस्पर्धा गराउँदै आएको पाइन्छ यसले बाल क्षमताको झनै बिकास भएको छ। पाठशालाकै कारण नेपाली बालबालिकाहरु एक अर्का बीच घुलमिल हुने अवसरसमेत मिलेको छ। यूरोपमा मात्र हैन, संसारका विभिन्न मुलुकहरुमा नेपालीहरुको बसाइ दिन प्रतिदिन बाक्लिँदै गएको छ।नेपाली बालबालिकाहरु बिदेशमा नै जन्मने रयतै हुर्कने क्रम पनि बढ्दो छ। आफ्ना बालबालिकाहरुले नेपाली भाषा राम्रोसँग बोल्न सकुन्, नेपाली संस्कृतिबारे बुझ्न सकुन् भन्ने तपाईको चाहना होभने कुनै न कुनै रुपमा वातावरण तय गर्न सक्नु पर्छ। 'एकपटकको नेपाली सधैंको नेपाली' भन्दा होस् वा 'नेपालीका लागि नेपाली' किन नहोस् यी सबै उद्देश्यभित्र बालबालिका हरुको अधिकार भनेलुकेको छ। मातृभाषा सिक्नबाट कुनै पनि बालबच्चाहरु वञ्चित हुने अवस्था नहोस्, त्यसैले ढिला नगरौं।

# व्यापार मेलामा ११ करोडको कारोवार

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ पुस ।**

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला सम्पन्न भएको छ। लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने नाराका साथ आयोजित मेला मंसिर २३ गते सुरु भएको थियो। मेलाले स्थानीय उत्पादनको प्रवर्द्धन र बिक्री बितरण गर्दै व्यवसायीहरुलाई उद्यमशिलता सिकाउने उदेश्य राखेको छ। मेलामा अटो, सूचना प्रविधि, हस्तकला, कृषि, फ्लोरिकल्चर, दैनिक जीवनमा प्रयोग हुने सामाग्री सहितका स्टलहरु रहेका थिए। व्यवसाय प्रवर्द्धनका लागि मेला/महोत्सव सहायक हुन्छ भन्ने मान्यता अनुसार संघले नै पहिलो पटक औपचारिक रुपले मेला आयोजना गर्न थालेको हो।

पोखरा उद्योग वाणिज्य संघका महासचिव दामु अधिकारीले संचालन गरेको अनौपचारिक समापन कार्यक्रममा बोल्दै संघका कार्यवाहक अध्यक्ष रवीन्द्रबहादुर प्रजुले मेला सफल पार्न सघाउने सम्पूर्ण संघ/संस्था र महानुभावहरुलाई धन्यवाद ज्ञापन गरे।

आगामी दिनमा सहभागीहरुको चाहनालाई ध्यानमा राख्दै मेलालाई अझ परिस्कृत गर्ने उनले वचन बद्धता पनि व्यक्त गरे। पोखरा उद्योग वााणिज्य संघले सामाजिक उत्तरदायित्वपूर्ण व्यवसायलाई आफ्नो मूलमन्त्र बनाएको उल्लेख गर्दै उनले उद्योगी/व्यवसायीको समस्या समाधानमा संघ निरन्तर लागि रहने बताए।

संघका महासचिव दामु अधिकारीका अनुसार करिब १ लाख ५० हजार दर्शकले मेलाको अवलोकन गरेका छन् भने मेलास्थलबाट ११ करोडको कारावार भएको छ। मेला अन्तर्गत नै आयोजना गरिएको पिसिसिआई गायन तारा २०७३को उपाधि ओमकाजी थापाले प्राप्त गरेका छन्। उनले उपाधिसहित १ लाख रुपैयाँ नगद प्राप्त गरे।

यसैंगरी दोस्रो हुने प्रशान्ति राईले ५० हजार, तेस्रो हुने सुनिल आरडिले १० हजार, चौथो हुने विशाल रेग्मीले ३ हजार, पाचौं हुने अनिल विकले २ हजार ५ सय र छैटौं हुने मधुसुधन श्रेष्ठले २ हजार रुपैयाँ नगद प्राप्त गरे। यसैगरी कार्य समिति सदस्य यदु अधिकारीले प्रायोजन गरेको उत्कृष्ट नृत्य गर्नेलाई दिइने खसी उपहार जानु कपुरले पाए।

कुल २३ जना प्रतिपर्स्धीबाट छानिँदै प्रतियोगिताको फाइनलमा प्रशान्ति राई, मधुसुधन श्रेष्ठ, विशाल रेग्मी,अनिल विक,सुनिल आरडी र ओमकाजी थापा पुगेका थिए। निर्णायक र दर्शकहरुले दिएको मतको आधारमा तीमध्येबाट विजेता घोषणा गरिएको प्रतियोगिताका निर्णायक श्यामसुङ तामाङले जानकारी दिए।

मेलाको प्रवेश टिकटमा राखिएको उपहारहरुमध्ये टिकट नम्बर ३७७५० लाई बम्पर उपहार स्वरुप टिभिएस स्कुट प्राप्त गऱ्यो भने द्वितीय पुरस्कार स्वरुप ३२ इञ्चको एलइडि टेलिभिजन ३७७१० नम्बरलाई प्राप्त भयो।

यसैगरी तृतीय पुरस्कार वासिङ मेसिन ३०३९ नम्बरले प्राप्त गऱ्यो। सान्त्वना पुरस्कारमा राखिएको राइसकुकर ३७३०८ नम्बरका टिकटलाई प्राप्त भयो।

यता मेलामा रहेका स्टलहरुमध्ये उद्योगतर्फ महाकाली वाइन प्रालि, व्यवसायतर्फ जुजु वयर्स, कृषि र पुष्प उत्पादनतर्फ सोन्सा एग्रो फर्म प्रालि, हस्तकलामा प्रगतिशील अल्लो समूह, अटोमा अटो भेञ्चर, रेष्टुरेन्टमा वेलकम थकाली भान्छाघर तथा संघ/संस्थातर्फ एनएमबी बैंक उत्कृष्ट घोषित भए। संघका पूर्व अध्यक्ष राजेन्द्रकुमार लालचनको संयोजकत्वमा गठित मूल्याङ्कन समितिले ती स्टलहलाई उत्कृष्ट घोषणा गरेको हो। समितिमा डम्बरसिँह गुरुङ र सन्तोष घिमिरे सदस्य रहेका थिए।

# वार्ता निरर्थक

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ४ पुस ।**

संसदको गतिरोध अन्त्य गर्न प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरुको सोमबार भएको बैठक विना निस्कर्ष टुङ्गिएको छ। सभामुख ओनसरी घर्तीको पहलमा संसद सचिवालय सिंहदरबारमा भएको बैठक संविधान संसोधन विधेयकबारे सत्तापक्ष र प्रतिपक्षले आ(आफ्नो अडान नछोडा निस्कर्ष ननिस्किएको हो। स्थानीय निर्वाचन यथाशीघ्र गरिनुपर्छ भन्नेमा एकमत देखिएका शीर्ष नेताहरुले सदनको गतिरोध अन्त्य गर्न संवाद जारी राख्ने प्रतिबद्धता भने जनाएका छन्। शीर्ष बैठकमा नेताहरूले संसदका आन्तरिक गतिविधिबारे सौहार्द छलफल गरे पनि संविधान संसोधन विधेयक दर्ता यताको गतिरोधका विषयमा एक-अर्काप्रति कडा टिप्पणी गरेका थिए। प्रधानमन्त्री पुष्पकमल दाहालले निरन्तरको संसद अवरोधबारे आलोचना गरेपछि प्रमुख प्रतिपक्षी दलका नेता केपी ओलीले 'प्रधानमन्त्रीको ओहोदामा बसेर असोभनिय अभिब्यक्ति नदिन' सचेत गराएका थिए। 'सहमतिबाट अघि जाने हो भने संविधान संसोधन विधेयक फिर्ता लिनुहोस्,' ओलीको भनाई उद्धृत गर्दै बैठक स्रोतले भन्यो, 'प्रधानमन्त्रीको ओहोदामा बसेर जेखालका अभिव्यक्ति दिइएका छन्, त्यो उपयुक्त र शोभनीय भएनन्। प्रधानमन्त्रीको तहबाट प्रतिपक्ष विरुद्ध जेजस्ता लाञ्छना लगाइएका छन्, पहिले यसमा प्रष्ट हुनु जरुरी छ।' बैठक स्रोतका अनुसार कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले उपाध्यक्ष वामदेव गौतमबीच समेत चर्को वाद(प्रतिवाद भएको थियो। बैठकमा सहभागि कांग्रेस बरिष्ठ नेता रामचन्द्र पौडेलले भने संविधान संसोधन लगायतका विषयमा देउवाले भन्दा फरक धारणा राखेका थिए। बैठकबाट बाहिरिने क्रममा भने कांग्रेस नेता पौडेलले छलफल सकारात्मक भएको उल्लेख गर्दै विवादीत सबै विषयलाई एउटै प्याकेजमा सहमति खोज्ने प्रयास सुरु भएको प्रतिक्रिया दिए। सभामुख घर्तीले संविधान संसोधनसहितका विवादित विषयको अन्तरवस्तुमा सहमति गर्न आग्रह गरेकी छन्। 'आजसम्मका सबै ठूलठूला घटनाक्रममा प्रमुख राजनीतिक दलहरु एकतावद्ध भएर अघि बढेका छन्,' शीर्ष नेताहरु सँगको छलफलपछि सभामुख घर्तीले भनिन्,-'संविधान कार्यन्वयनका सन्दर्भमा पनि तीन दल मिल्नुको विकल्प छैन।'

# टप्स बोर्डिङ स्कूलको २४औं स्थापना दिवस



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ पुस ।**

पोखराको रामघाटस्थित टप्स इङ्लिस बोर्डिङ स्कुलले आफ्नो २४ औं स्थापना दिवस सोमबार सम्पन्न गरेको छ। आगामी वर्ष २५औं स्थापना दिवसका सन्दर्भमा वर्षभरि नै रजत जयन्ती विशेष कार्यक्रमहरु सञ्चालन गरिने संस्थापक/प्राचार्य रत्नमान गुरुङले घोषणा गरे।

कार्यक्रमका अध्यक्ष तथा विद्यालयका संस्थापक/प्राचार्य गुरुङले हाल विज्ञान र व्यवस्थापन सङ्कायमा उच्च शिक्षा प्रदान गरिरहेको विद्यालयले होटल व्यवस्थापन को पढाइ सञ्चालन गर्ने तयारी गरिरहेको बताए। विद्यार्थी केन्द्रित शैक्षिक गतिविधिलाई टप्सले उच्च प्राथमिकतामा राखेको बताउँदै गुरुङले शैक्षिक गुणस्तरका लागि जुनसुकै त्याग गर्न आफू तयार रहेकोमा जोड दिए।

कार्यक्रमका विशेष अतिथि पोखरा लिङ्कन इन्टरनेशनल कलेजका निर्देशक शेरबहादुर गुरुङले टप्सका गतिविधि नेपालकै शैक्षिक इतिहासमा उल्लेखनीय रहेको भन्दै प्रशंसा गरे। उनले पोखराबाट अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठित प्रतिभाहरु जन्माउन टप्स सफल भएको विश्लेषणसमेत गरे।

अर्का विशेष अतिथि पत्रकार तथा शिक्षक अभिभावक सङ्घ कास्कीका अध्यक्ष हेमराज बरालले टप्स हरेक कुरामा टप रहेको भन्दै जनमानसमा राम्ररी भिजेको स्कुलका रुपमा आफूले टप्सलाई चिनेको बताए। सो अवसरमा शिक्षक/शिक्षिकाहरुका तर्फबाट संस्थापक/प्राचार्य रत्नमान गुरुङ र संस्थापिका भक्ति गुरुङलाई विशेष सम्मान गरिएको थियो।

४ दिनसम्म पूर्व विद्यार्थी भेला, विभिन्न तहगत विद्यार्थीहरु र शिक्षक/शिक्षिकाहरुबिच खेलकुद प्रतियोगिता, विविध कार्यक्रमहरुपछि गरिएको समापन कार्यक्रममा पुरस्कार वितरण तथा सांस्कृति कार्यक्रमहरु पनि प्रस्तुत गरिएको थियो।

पुरस्कृत विद्यार्थीहरुलाई पूर्व शिक्षक तथा अभिभावक रुपिन्द्र प्रभावी, भेषराज पौडेल, इन्सपेक्टर धनकाजी गुरुङ, भोजेन्द्र गुरुङ, तारा गुरुङ, कर्णबहादुर गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए।

यसअघि सम्पन्न शिक्षिका-कुर्ची घुमाइ प्रतियोगितामा लुमा थापा र चित्रकुमारी गुरुङ क्रमशः प्रथम र द्वितीय भएका थिए भने विद्यार्थीहरु बीच भएको खुला गायन प्रतियोगितामा अमिता गुरुङ, विनिसा पन्त, सिनेन गुरुङ र पूर्णबहादुर गुरुङ क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका भएका थिए। उच्च मावि संयोजक निर्मलमणि सोती र शिक्षक गोपाल खनालले सञ्चालन गरेको कार्यक्रममा स्कुल सुपरभाइजर चित्रकुमार गुरुङले स्वागत गरेका थिए। सो अवसरमा २४औं अभिभावक दिवस आगामी फागुन २१ गते पोखरा सभागृहमा हुने पनि जनाइएको थियो।

वि.सं. २०५० मङ्सिर २४ मा स्थापना भएको विद्यालयबाट हालसम्म १६औं समूहबाट ८ सय ६५ जनाले एसएलसी उत्तीर्ण गरेका विद्यलयकी संस्थापिका भक्ति गुरुङले जानकारी दिए।

# थाइल्यान्ड पुऱ्याई अलपत्र पार्नेक्रम बढ्दो

**काठमाडौं ४ पुस ।**

मानव तस्कर दलालले अमेरिका, युरोपलगायत महादेशमामा लैजाने भनी नेपालीलाई पर्यटक प्रवेशाज्ञामा थाइल्यान्ड पुऱ्याई अलपत्र पार्ने क्रम पछिल्लो समय बढ्दै गएको छ। मानव तस्करले अमेरिका, अस्ट्रेलिया, क्यानडा, दक्षिण कोरिया तथा युरोपका केही मुलुकलगायत आकर्षक देशमा प्रवेशाज्ञा लगाई पठाइदिने प्रलोभनमा पारी ठग्दै आएकाले त्यसमा नपर्न थाइल्यान्डस्थित नेपाली दूतावासले विज्ञप्ति जारी गर्दै आग्रह गरेको छ। तस्करले आकर्षक गन्तव्य मुलुकको प्रवेशाज्ञा प्राप्त गर्न थाइल्यान्डबाट सहज हुने तथा त्यहाँबाट त्यस्ता देशमा जानसमेत सजिलो हुने जनाउँदै नेपालीलाई सुरुमा सम्बन्धित देशको प्रवेशाज्ञा लागेपछि मात्रै रकम दिने सर्तमा राजधानी बैंकक बोलाउने गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, "थाइल्यान्ड आइसकेपछि अनेक बहाना बनाएर सकेसम्म धेरै पैसा मगाउन लगाई निजबाट लिने र कानुनी रुपमा थाइल्यान्ड बस्न पाउने अवधि समाप्त भई अवैधानिक भएपछि यहाँका प्रहरी प्रशासनलाई खबर गरी/गराई पक्रन लगाउने वा प्रवेशाज्ञाको अवधि बढाउनका लागि छिमेकी मुलुक (मलेसिया, सिङ्गापुर, कम्बोडिया आदि) गएर आउन सुझाउने र त्यहाँ गइसकेपछि ती मुलुकबाट थाइल्यान्डको प्रवेशाज्ञा उपलब्ध नहुने हुँदा त्यतै अलपत्र परी नेपाल फर्कन बाध्य पार्ने गरेको देखिन्छ।" कतिपय अवस्थामा विकसित देशको नक्कली प्रवेशाज्ञा लगाएर कबोल गरे जति रकम असुल गरी पीडितलाई नक्कली प्रवेशाज्ञा दिने र सोको सूचना त्यहाँका प्रहरी प्रशासनलाई दिई पक्राउ गराउनेजस्ता कार्यसमेत भएको दूतावासले जनाएको छ।

मानव तस्करले आफ्नो वास्तविक परिचय नखुलाई नक्कली नाम र ठेगाना बताएर ठग्ने हुँदा पीडितले तिनविरुद्ध उजुरी गर्नसमेत नसक्ने अवस्थाको सिर्जना हुने र पीडित नै प्रहरीद्वारा पक्राउ पर्ने गरेको देखिएको छ। पीडकको नाम र ठेगाना दिन नसक्ने अवस्थामा प्रहरीले पक्राउ परेका पीडितलाई कानुनी रुपमा दोषी ठहऱ्याई कारबाहीमा पार्ने गरेका छन्। थाइल्यान्डबाट मात्र नभई छिमेकी मुलुक कम्बोडिया, लाओस, भियतनामबाट समेत यस प्रकारको ठगी धन्दा मौलाउन थालेको दूतावासले जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, "आफू ठगिनुभन्दा अगाडिसम्म यस राजदूतावासमा जानकारी गराएमा आफू गन्तव्य मुलुकको प्रवेशाज्ञा प्राप्त गर्नबाट वञ्चित भइने डरले यस राजदूतावासलाई जानकारी नगराउने र सम्पूर्ण रुपमा ठगिइसकेपछि मात्र यस राजदूतावासमा सम्पर्क गर्न आउने गरेका कारणले गर्दा पनि समयमै ठगिनबाट बचाउन नसकिने अवस्था छ।" मानव तस्कर र दलालले भन्ने गरे झैं नेपालीलाई थाइल्यान्ड, कम्बोडिया, लाओस आदिबाट विकसित मुलुकको प्रवेशाज्ञा सहज रुपमा प्राप्त नहुने भएकाले यसप्रति सचेत हुन र मानव तस्करको प्रलोभनमा नपर्न सबै नेपालीलाई आग्रह गरिएको छ। महानगरीय अपराध महाशाखाका प्रमुख, वरिष्ठ उपरीक्षक सर्वेन्द्र खनालले पछिल्लो दिनमा थाइल्यान्ड लैजाने बहानामा आफहरु ठगिएको जनाई उजुरी आउनेक्रम बढ्दै गएको जानकारी दिए। उनले भने- "उजुरीका आधारमा केही मानव तस्करलाई पक्राउ गरिएको छ र पीडितलाई रकमसमेत दिलाइएको छ।" ठगीमा परेकाहरुलाई महाशाखामा आई उजुरी दिनसमेत उनले आग्रह गरे। रासस

# माछापुच्छ्रे लायन्सद्वारा वृद्धाश्रममा ट्याङ्की सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ४ पुस ।**

लायन्स क्लव पोखरा माछापुच्छ्रेले पोखरा बृद्धाश्रममा खाने पानीको टंकी हस्तान्तरण गरेको छ। सोमबार बृद्धाश्रममा आयोजित एक कार्यक्रमका वीच १ हजार लिटरको पानी टंकी हस्तान्तरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि जोन चेयर पर्सन बाबुराम गिरीले खाने पानी जस्तो अत्यावश्यक क्षेत्रमा लायन्स क्लव आफ पोखरा माछापुच्छ्रेले गरेको सहयोगप्रति आभार प्रकट गरे। प्रचारका लागि मात्र भन्दा पनि आवश्यकीय क्षेत्रमा गरिने सानो सहयोगले ठूलो अर्थ लाग्ने गिरीले उल्लेख गरे।

कार्यक्रममा बोल्दै पोखरा बृद्धाश्रमका अध्यक्ष बसन्तकेशव पराजुलीले असहाय एवं बेवारिसे ज्येष्ठ नागरिकहरुका लागि खानेपानी टंकी प्रदान गर्ने लायन्स क्लवको सहयोग सह्रानीय रहेको उल्लेख गरे। समाजमा आर्थिक रुपमा सबल भएकाहरुले कमजोर, असहाय एवं अशक्तहरुलाई सहयोग गर्नुपर्ने उनको भनाई थियो।

सो अवसरमा टंकी सौजन्य गर्ने क्लवका निर्देशक एवं हाडवेयर व्यवसायी कृष्ण लामिछाने लगायत कार्यक्रममा सहयोग गर्ने सबैलाई अध्यक्ष सुदर्शन बाटाजुले धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रम क्लवका अध्यक्ष सुदर्शन बाटाजुको अध्यक्षता, प्रथम उपाध्यक्ष दीपेन्द्रप्रताप चन्दको स्वागत र क्लवको पूर्व अध्यक्ष शिव बरालको संचालनमा सम्पन्न भएको थियो।

# तिवारीको हत्या

**रुपन्देही ४ पुस ।**

युवा सङ्घ रुपन्देहीका अध्यक्ष तथा देवदहका युवा व्यवसायी दुर्गा तिवारीको सोमबार अपराह्न अज्ञात समूहले गोली हानी हत्या गरेको छ। मोटरसाइकल चढेर देवदह चोकदेखि घरतर्फ जाँदै गरेको अवस्थामा उनलाई देवदह-८ मा मोटरसाइकल मै आएका अपरचित व्यक्तिले छातिमा गोली प्रहार गरेको थियो। गोली प्रहारबाट गम्भीर घाइते भएका तिवारीको देवदह स्थित देवदह मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको वडा प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक प्रदीप डिसीले जानकारी दिए। जिल्लाको देवदह नगरपालिका-६ खैरेनीका ४० वर्षीय तिवारी स्थानीय केविआइ इट्टा भट्टका सञ्चालकसमेत रहेका युवा व्यवसायी छन्। करिब छ महिनाअघि पनि आफ्नै भट्टामा बसिरहेको अवस्थामा तिवारीमाथि आक्रमण भएको थियो।

## पोखरा उप-महानगरपालिका कार्यालयको अत्यन्त जरूरी सूचना !

पोखरा उपमहानगरपालिका वडा नं.६, शान्ति मार्ग कि.नं. १४१, क्षेत्रफल १६१.८५ को जग्गामा पूर्व कि.नं. डिल्लीप्रसाद गौतम, पश्चिम कि.नं. लक्ष्मण कुँवर, उत्तर कि.नं. बाटो, दक्षिण कि.नं. नेकबहादुर पुन (यति चार किल्ला भित्र) को दुर्गा कुमार कुँवरको हकभोगको जग्गामा नाइस नेपाल प्रा.लि. संचालन गर्दा तपाइँ साध सदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावारणीय प्रदुर्षण हुन्छ, हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको सुरक्षा तथा निरीक्षण शाखा कोठा नं. २०४ मा लिखित उजुरी निवेदन दिनुहुन अनुरोध छ। अन्यथा निवेदकको माग बमोजिम कार्वाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराइएको छ।


**खुशीको खबर !**
के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २। सम्पर्क : ९८४६२८५९५९

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

**सस्तोमा जहाज टिकट**
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**विदेश जानेहरुका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
हाम्रा विशेषताहरु :- तयारी कक्षा धमाधम चलिरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल।
माछापुच्छ्रे हर्बो ट्रेड
फ्रि होम डेलिभरि
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

**रेष्टुरेन्ट विक्रीमा**
पोखराको चिप्लेढुङ्गा स्थित पोखरा ट्रेडमलको ठीक अगाडि, आरके विल्डिङमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारण वश विक्रीमा छ।
सम्पर्क : ९८०९८७३१९१

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

# खेलकूदमा अझै नातावाद, हक्की खेलाडी अतिथिको नामै काटियो

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पूर्वाञ्चलमा पुष ७ गते देखि आयोजना हुने साँतौ राष्ट्रिय खेलकुदका लागि नाम छनौट भएर खेल्न तयारी गरि सक्दा समेत अन्तिम समयमा लिष्टमा नै छैन भन्ने सुन्दा खेलाडी कति मर्महात हुन्छ सायद यसको पीडा खेलाडीलाई नै थाहा होला । ति खेलाडी हुन अतिथि शाही । उनी ज्ञानकुञ्जमा कक्षा ९ मा अध्ययन गर्छिन । उनको प्रिय खेल हक्की हो । लामो समय देखि पश्चिमाञ्चल बाट खेल्न उनी अभ्यासरत थिइन । उनको नाम छनौट पनि भयो ।

पत्रपत्रिकामा नाम समेत आयो । गाउँलेहरु छर छिमेकीले घरमै आएर बधाइ दिए । विद्यालयले वधाई पनि प्रकाशित गर्‍यो । तर विद्यालयमा विदा मिलान गर्न पठाइएको पत्रमा उनको ना टिपेक्सले मेटाइायो । त्यति मात्र भएन अभिभावकहरु यस बारे वुझ्न खेलकुद परिषदमा पुगे । अभिभावकको चित्त वुझाउन टिममा राख्ने कुरा भयो । तर यति बेला अन्तिम लिस्टमा उनको नाम परेको छैन । उनको विदा विद्यालयले स्वीकृत गरेको छैन । विदा स्वीकृतका लागि पठाएको पत्रमा अतिथिको नाम टिपेक्सले मेटाइएको छ । छनौटमा परेका १६ जनाले मात्र परिषद्ले तोकेको सुविधा पाउँछन । न त अब उनले कुनै भत्ता पाउँछिन न त खेलाडीले लगाउने युनिफर्म । हक्कीका प्रशिक्षक राजेन्द्र पाठक यति बेला अभिभावकको चित्त वुझाउन मात्र उनलाई पूर्वाञ्चलमा लैजाने कुरा गर्दैछन । पाठक भन्छन'म मिलाउँछु जे भयो गल्ती भयो ।'

उनले १६ जनाको भत्तालाई काटेर अतिथिलाई दिने सोच बनाएको परिषदका प्रशिक्षण विभाग प्रमुख विद्या मर्सानीले बताए। परिषदको लिस्टमा आधिकारिक रुपमा खेलाडी दर्ता नगरी दवावको भरमा लैजान्छु भन्नु मान्छेलाई उल्लु वनाउनु बाहेक के होला ? अतिथिको नाम काटिनुमा अरु केही नभएर खेलकुदमा नातावादको उपज रहेको धेरैको कथन छ । २१औं शताव्दीमा पनि खेलकुदमा पञ्चेशैली हावी हुनु दु:खद् रहेको उनको अभिभावकको ठम्याइ छ । 'हामी त सोझा मान्छे अव फेरी खेलकुदमा जानै पर्ने भयो कुरा गर्न'-उनका वुवा राम शाहीले भने ।

प्रमुख प्रशिक्षक पाठकको भनाईलाई मान्ने हो भने पनि यो खेलकुदमा अराजकता नै हो । छनौटमा परेको खेलाडीको नाम टिपेक्सले मेटाउने अनि टिममा छनौटमा नै नपरेको र दर्ता नै नभएको खेलाडीले राष्ट्रिय खेल जस्तो गौरवमयी खेल खेल्दा के होला? धेरै प्रश्न उब्जिएका छन । सवैभन्दा ठूलो कुरा खेलाडी परिषदको नियम अनुसार छनौट र दर्ता भएको मात्र हुनुपर्छ । नभएमा उ केवल दर्शक मात्र हो । के पश्चिमाञ्चल क्षेत्रीय खेलकुदले अतिथीलाई झारा टार्न दर्शक बनाएर पूर्व लैजाने तयारी गरेको त होइन यसमा गम्भीर प्रश्न उव्जिएको छ ।

# चट्टानमा अनौठो नागमणि फेला

म्याग्दी ४ पुस ।

म्याग्दीको प्रसिद्ध धार्मिकस्थल गलेश्वरमा रहेको विशाल चट्टानमा हिन्दू धर्मावलम्बीले पूजाआजा गर्ने शिवलिङ्ग, शालग्राम, शङ्कचक्र, नागमणि देखिएका छन् । मन्दिर परिसरमा नौ रोपनी क्षेत्रफलमा फैलिएको विशाल चट्टानमा गणेशलगायतका हिन्दू धर्मशास्त्रमा नामाकरण गरिएका भगवान्का विविध रुप देखिन थालेपछि संरक्षण सुरु गरिएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष रुद्रबहादुर केसीले बताए । "मन्दिर परिसरमा रहेको विशाल चट्टानमा दैवी शक्तिमा प्रतीक देखिन थालेका छन् । सबैको आकार धर्मशास्त्रमा नामाकारण गरेजस्तै छन्" उनले भने । केसीका अनुसार सबैभन्दा बढी शिवलिङ्ग र सालग्राम भए पनि अन्यको सङ्ख्यासमेत बढ्दै जान थालेको छ । क्षेत्र विकास कोषले संरक्षणका लागि रङ लगाउनुका साथै आसपासका क्षेत्रमा खोजीकार्य समेत सुरु गरेको छ । मन्दिरमा पूजाआजा गर्न जाने भक्तजनले त्यहाँ समेत गएर पूजा गर्न थालेका छन् । मन्दिरका पुजारीका अनुसार आकार दिनप्रति दिन बढ्दै जान थालेपछि अवलोकन गर्न आउने समेत अचम्मित हुने गरेका छन् । त्यसक्षेत्रमा करिब ३० भन्दा बढी यस्ता चक्र रहेको अनुमान गरिएको छ । विश्वमै सबैभन्दा ठूलो चट्टानको दाबी गरिएको गलेश्वरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने पहल समेत भइरहेको छ । गलेश्वर क्षेत्रको विकासका लागि राज्य, स्थानीयका साथै प्रवासमा रहेका नेपालीले समेत सहयोग गर्दै आइरहेका छन् ।

# सांसद रवीन्द्र अधिकारीद्वारा बजेट सार्वजनिक




गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

व्यवस्थापिका-संसद् विकास समितिका सभापति रवीन्द्र अधिकारीले निर्वाचन क्षेत्र विकास कार्यक्रम र क्षेत्र विकास पूर्वाधार कार्यक्रमअन्तर्गत तीन करोड ५० लाख रुपैयाँको ४७ वटा योजना सोमबार पोखरामा सार्वजनिक गरेका छन्। कास्की जिल्लाको निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसद अधिकारीले पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा विगतका कार्यक्रमको समीक्षा र आव २०७३/७४ विकास कोषको योजना एवम् विनियोजित रकम सार्वजनिक गरेका हुन् ।

सार्वजनिक योजनामध्ये निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु तीन करोड रकममध्ये फेवाताल संरक्षणका लागि ५० हजार रुपैयाँ छुटयाएको जानकारी दिँदै उनले पोखरा उप-महानगरपालिकाबाट ५० हजार रुपैयाँ र विभिन्न सङ्घ-संस्थाबाट रु ५० हजार गरी कुल एक करोड ५० लाख रुपैयाँको लागतमा जलकुम्भी झार व्यवस्थापनका लागि आधुनिक उपकरण खरिद गर्ने जानकारी दिए।

त्यसैगरी निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत कास्की र स्याङ्जा जिल्लाको सिमानास्थित साल्मे डाँडामा गोर्खा भूतपूर्व सैनिकद्वारा निर्माणाधीन गोर्खा स्मारकका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

क्षेत्रगत रूपमा विभिन्न चरणमा छलफल एवम् प्राविधिक सहयोग र विवादरहित उपभोक्ता समितिका आधारमा योजना छनोट गरिएको भन्दै उनले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा २५ वटा र क्षेत्र विकास कार्यक्रम अन्तर्गत २२ वटा योजना रहेका बताए ।

यसैगरी नगरपालिकामा थप भएका वडालाई प्राथमिकता दिइएको, सडक नाला निर्माण १३ वटा योजनाका लागि रु एक करोड ३७ लाख, खानेपानीतर्फ पाँच योजनाका लागि ५० लाख रुपैयाँ र छवटा भवन निर्माणका लागि रु ६३ लाख विनियोजन गरिएको छ ।

# लेन्टो इन्भर्टर सडक बत्ती नेपालमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।




बतास अर्गनाइजेसनको भातृ संगठन त्रिथुंगा ट्रेडिङ कन्सर्न प्रालिले नेपालमा सोलार सम्बन्धी सामानहरु भित्र्याएको छ । प्रालिले सोलार प्यानल र व्याट्री बंगलनादेशको रहिमाफ्रुज कम्पनीबाट आयात गरेको हो । साथै लेन्टो इन्डष्ट्रिज प्रालि इन्डियाबाट उत्पादित सोलार इन्भर्टर र सौर्य सडक बत्तीको पनि हालै नेपालमा बिक्री सुरुवात गरिएको प्रालिका प्रवन्ध निर्देशक डिल्लिराज सुवेदीले जानकारी दिए । ५ सय ५० केभिए क्षमतादेखि ५ केभिए क्षमतासम्म का इन्भर्टर नेपालमा भित्र्याएको उनले जानकारी दिए । सडक बत्ती २०, ४० र ६० वाटमा उपलब्ध छ । बजार बिस्तार गर्ने क्रममा नयाँ ब्राण्डहरु नेपालमा भित्र्याएको सुवेदीले बताए । बिक्री सुरुवात भएका सबै सामग्री वैकल्पिक ऊर्जा अन्तर्गत प्रमाणित भएको उनले जानकारी दिए । 'गुणस्तरीय सामानहरु बजारमा ल्याइएको छ,' उनले भने, 'यसबाट वैकल्पिक ऊर्जाको प्रयागमा मद्दत मिल्छ ।' ग्रामीण तथा सहरी ऊर्जामा अनुदानका लागि यी सामानहरु उपयुक्त रहेको सुवेदीले बताए । १५ प्रतिशत मात्र विद्युत खपत गरेर ८५ प्रतिशत ऊर्जा प्रदान गर्न सक्ने क्षमताका सामान नेपालमा भित्र्याएको प्रालिको दावी छ । त्रिथुंगा प्रालिले यसका साथै नेपालमा पेट्रोनास लुब्रिकेन्स, ग्लोव्याट अटोमोटिभ व्याट्री र डेल्टा ब्राण्डका इरिक्सा व्याट्री आधिकारिक रुपमा बिक्री गर्दै आइरहेको छ । मलेसियामा उत्पादित पेट्रोनास लुब्रिकेन्स बिगत ७ वर्षदेखि नेपालमा बिक्री हुँदै आइरहेको हो । संसारभर लोकप्रिय यो लुब्रिकेन्स नेपालमा समेत अत्याधिक बिक्री हुने सुवेदीले बताए । जर्मन प्रविधिमा बंगलादेशमा उत्पादित ग्लोब्याट ब्राण्डका अटोमोटिभ व्याट्रीहरु नेपालमा ८ वर्षदेखि त्रिथुंगाले बिक्री गर्दै आइरहेको छ । 'अन्य ब्राण्डका व्याट्री भन्दा यो व्याट्री नेपालमा गुणस्तरीय उत्पादनमा रुपमा लिइने गरिएको छ,' उनले भने । नेपाल भरका ३६ वटा डिलरबाट यी ब्राण्डहरु बिक्री हुँदै आइरहेको छ । डेल्ट्रा ब्राण्डका इरिक्सा व्याट्रीहरु बढी माइलेज दिने र टिकाउयुक्त रहेको सुवेदीले जानकारी दिए ।

# राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त हुन सक्ला ?

काठमाडौं ४ पुस ।

राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष नियुक्तिका लागि दरखास्त आह्वान सँगै सो संस्था शिक्षा मन्त्रालयको अङ्ग वा स्वायत्त निकाय हुने भन्ने बहस सुरु भएको छ । विद्यालय शिक्षामा नयाँ संरचना लागू भएसँगै स्थापित बोर्डको अध्यक्ष छ महिनादेखि रिक्त हुन बाँकी रहेकामा सरकारले आज नियुक्तिका लागि सार्वजनिक आह्वान गरेको छ । समितिले योग्यता पुगेका व्यक्तिसँग व्यावसायिक अवधारणापत्रसहित दरखास्त आह्वान गरेको हो । शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को दफा ४ को १ बमोजिम गठित सिफारिस समितिले अध्यक्ष नियुक्तिका लागि बनाएको कार्यविधिमा शिक्षाविद् सन्तुष्ट देखिएका छैनन् । बोर्डले हाल तत्कालीन उमावि शिक्षा परिषद् र परीक्षा नियन्त्रण कार्यालयबाट रूपान्तरित कर्मचारी संयन्त्रबाट काम सञ्चालन गरिरहेको छ । अध्यक्षका लागि आह्वान गरिएको कार्यविधिमा ४० देखि ६१ वर्ष उमेरका नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट वा प्राध्यापक तहमा कम्तीमा १२ वर्ष अनुभव भएका व्यक्तिलाई योग्य मानिएको छ । त्यस्ता उम्मेदवारले परीक्षाको व्यवस्थापन र सञ्चालन गरेको हुनुपर्ने कार्यविधि बनाइएको छ ।

गत असार १५ देखि लागू भएको ऐनबमोजिम बोर्डको अध्यक्ष नियुक्तिका लागि लोकसेवा आयोगका अध्यक्षको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन भएपछि नियुक्ति प्रक्रिया सुरु भएको हो । शिक्षाविद् प्रा डा मनप्रसाद वाग्लेले मूल्याङ्कन र सुपरीवेक्षण तथा परीक्षा पद्धतिमा अनुभव भएका कम्तीमा विद्यावारिधिप्राप्त व्यक्ति अध्यक्ष र बोर्ड आफैँमा मन्त्रालयको अङ्ग नभई स्वायत्त हुनुपर्ने सुझाव आफूले दिएको बताए। उनले बोर्डका सदस्य सचिव पनि मन्त्रालयका सहसचिव नभई खुला प्रतिस्पर्धाबाट नियुक्त हुनुपर्ने मत राखे। परीक्षा विज्ञबाट बोर्ड प्रमुख भएमा विद्यालय शिक्षाको गुणस्तर सुधारमा मद्दत पुग्ने उनीहरुको मत छ ।

बोर्डका उपाध्यक्षमा मन्त्रालयका सचिव पदेन हुने व्यवस्था छ भने सदस्य सचिवमा सहसचिव सूर्यप्रसाद गौतमलाई जिम्मा दिइएको छ । उपाध्यक्षमा सरकारको सचिव भई अध्यक्ष पद सोभन्दा माथिल्लो ओहोदाको हुने भएकाले पूर्वसचिव वा वरिष्ठ विज्ञमध्येबाट अध्यक्ष नियुक्ति हुने देखिएको छ। सदस्य सचिव गौतमले सिफारिस समितिले कार्यविधि बनाएर दरखास्त आह्वान गरेकाले आफूहरुले चाँडै नेतृत्व पाउने अपेक्षा व्यक्त गरे ।

अध्यक्ष नियुक्त नहुँदा बोर्डको कर्मचारी दरबन्दी स्वीकृत हुन सकेको छैन । संशोधित ऐनले कक्षा १ देखि ८ सम्मलाई आधारभूत र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको नयाँ संरचनाको व्यवस्था गरेपछि बोर्डको स्थापना भएको हो । मन्त्रालयले बोर्डका कार्यालय प्रदेशस्तरमा पनि खोल्ने तयारी गरेको छ । रासस

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews . com .np

# 'जातीय भेद्भाव र छुवाछुतमा गम्भीर बन्नुपर्छ'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

रिय दलित आयोगले यूएनडिपीको सहयोगमा आइतबारदेखि पोखरामा आयोजना गरेको जातीय भेद्भाव तथा छुवाछुत (कसुर र सजाय) ऐन कार्यान्वयन विषयक दुई दिने गोष्ठी सोमबार सम्पन्न भएको छ । समापन कार्यक्रममा बोल्दै राष्ट्रिय दलित आयोगका सदस्य सचिव सिताराम घले परियाले जातीय भेद्भाव र छुवाछुत सम्वन्धी घटनामा गम्भीर भएर अनुसन्धान गर्न आग्रह गरे ।

उनले प्रहरी जवाफदेही नुहँदा आरोपीहरुले उन्मुक्ति पाउने गरेको बताउदै गोष्ठिबाट फर्केपछि भने विगतका जस्तो कमजोरी नहुने विश्वास ब्यक्त गरे । 'प्रहरीलाई अनुसन्धान गर्दा सत्य, तथ्य र सहि रुपमा गर्नुपर्ने र पीडितले न्यायको अनुभूति गर्नुपर्छ ।' उनले समाजबाट जातीय विभेद अन्त्यका लागि प्रहरी, सरकारी वकिल र महान्याधिवक्ता कार्यालयको भूमिका महत्वपूर्ण रहेको बताउँदै सम्वन्धित निकाय वीच समन्वयको खाँचो रहेको बताए । महान्यायधिवक्ता कार्यालयका सहन्यायधिवक्ता रेवतीरमन त्रिपाठीले जातीय विभेद तथा छुवाछुत कलंक भएको बताए । सामाजिक विभेदलाई जघन्य अपराध मानेपनि अझै यस्ता घटना हुने गरेको बताए। उनले जन्मका आधारमा विभेद गर्न नहुने बताए ।

जिल्ला न्यायधिवक्ता कार्यालय कास्कीका कृष्णराज पन्तले सरकारी निकायहरुवीच समन्वयको खाँचो रहेको बताउँदै आगामी दिनमा समन्वय अगाडि बढ्ने बताए । बाग्लुङका एसपी राजेन्द्र ढकालले गोष्ठिले प्रहरीलाई सहज बनाएको बताउँदै आगामी दिनमा भेदभाव र छुवाछुटका घटनामा सरोकारवाला संघ-संस्थासंग मिलेर अगाडि बढ्ने बताए ।

# कास्की प्रहरीलाई २५ वटा क्यामेरा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।



हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले जिल्ला प्रहरी कार्यालय कास्कीलाई २५ वटा क्यामरा सहयोग गरेको छ । वार्षिकोत्सवको पूर्व सन्ध्यामा प्रालिले एक कार्यक्रमका बीच आइतबार क्यामरा सहयोग गरेको हो । प्रालिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कमलसिंह बमलाई क्यामरा हस्तान्तरण गरेका हुन् । क्यामरा प्रहरीको गाडीमा जडान गरिनेछ । क्यामरा गाडीको वाइन्ड स्क्रिनको भित्री भाग वा ड्यासबोर्डको माथिल्लो भागमा जडान गर्न सकिनेछ । करिब ४ लाख रुपैयाँ परेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । 'क्यामराले दुर्घटनाको प्रमाण दिनुका साथै ट्राफिक नियम उल्लंघन र बिमा ठगीहरु नियन्त्रण गर्न सघाउँछ,' अध्यक्ष श्रेष्ठले भने, 'ट्राफिक व्यवस्थापनमा सघाउने गरी हामीले प्रहरीलाई क्यामरा सहयोग गरेका हौं ।' संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा प्रहरीलाई क्यामरा सहयोग गरिएको प्रालिका निर्देशक सुनिल श्रेष्ठले जानकारी दिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिंहले ट्राफिक व्यवस्थापनमा क्यामराले सहयोग पुऱ्याउने बताए ।

# पद्म नर्सिङ होमको अध्यक्षमा राणा

पोखरा ४ पुस ।

*पद्म नर्सिङ होम प्रा.लि. पोखराको अध्यक्षमा डाक्टर कुमार शम्सेर राणा सर्वसम्मत चयन भएका छन् । हालै सम्पन्न संस्थाको २१औं वार्षिक साधारणसभा तथा अधिवेशनले डाक्टर राणालाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । यसैगरी संस्थाको प्रबन्ध निर्देशकमा प्रा डाक्टर सचेत प्रभात श्रेष्ठ, निर्देशकहरुमा डाक्टर नारायण गौतम, डाक्टर प्रविण बानियाँ, डाक्टर सुमिरन श्रेष्ठ, नरेन्द्र बाँस्तोला र पोषकनाथ शर्मा निर्वाचित भएका छन् ।*

*निर्वाचित पदाधिकारीहरुलाई निर्वाचन कमिटीका संयोजक तथा संस्थाका कानूनी सल्लाहकार जगन्नाथ ढकालले सफत ग्रहण गराएका थिए । साधारणसभामा बोल्दै वरिष्ठ डाक्टर कुमार सम्शेर राणाले सर्वसुलभ मूल्यमा गुणस्तरीय सेवा दिन निजि स्वास्थ्य संस्था पनि लाग्नु पर्नेमा जोड दिँदै स्वास्थ्यलाई ब्यापार बनाउन नहुने बताए ।*

*स्वास्थ्य संस्थाहरु स्वास्थ्यको ईथिक्स भन्दा बाहिर नजाने हो भने जनताले सर्वसुलभ मूल्यमा गुणस्तरीय सेवा पाउने भन्दै उनले अनाश्यक टेष्ट गराउने गलत प्रचलन डाक्टरहरुले पनि छोड्नु पर्ने बताए ।*

*संस्थाका निवर्तमान अध्यक्ष पुष्पादेवी श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभामा डाक्टर नरेन्द्र बिक्रम गुरुङले स्वागत गरेका थिए भने कार्यक्रमको संचालन निवर्तमान प्रबन्ध निर्देशक डाक्टर कालु शर्मा सुबेदी र ब्यवस्थापक नरेन्द्र बाँस्तोलाले गरेका थिए ।*

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : कुक केल्पर संख्या : २ जना
पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**कर्मचारी चाहियो**

ढिकुरपोखरी समाज पोखरा बचत तथा ऋण सहकारी संस्थाका लागि १ जना बजार प्रतिनिधि आवश्यक परेको हुँदा कास्कीको ढिकुरपोखरी स्थायी घर भइ हाल पोखरामा बसोबास गर्ने ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्कका लागि
फोन : ०६१-४१२२९८, ९८५६०३२२२२
९८५६०३३१७२, ९८५६०२७१७४

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा